पोखरा विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

कास्की, नेपाल

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS


चलानी नं. ९४९३।०६८।०६९

मिति :- २०७९।०२।०६

श्री निर्देशक / प्राचार्य ज्यू,

आँङ्गिक, संयुक्त आँङ्गिक तथा सम्बन्धन प्राप्त स्कुल /कलेजहरु।

**विषयः स्नातक तह २०२२ को रजिष्ट्रेसन फाराम भरी पठाउने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा, त्यस स्कुल/ कलेजमा शैक्षिक सत्र २०२२ मा स्नातक तहमा भर्ना भएका छात्र/छात्राहरुको **पोखरा विश्वविद्यालय क्याम्पस (महाविद्यालय) / शिक्षण संस्थाको सम्बन्धन सम्बन्धी नियमावली, २०५६ परिच्छेद-३ को नियम (१२)** मा व्यवस्था भए बमोजिम विश्वविद्यालयमा नाम दर्ता हुनुपर्ने भएकोले यस विश्वविद्यालयको रजिष्ट्रेसन फाराम रितपूर्वक भरी मिति **June 08, 2022 ( जेष्ठ २५, २०७९)** सम्ममा परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेसन शाखामा अनिवार्य आइपुग्ने गरी पठाइदिनु हुन सूचित गरिन्छ ।

नोटः- **रजिष्ट्रेसन फाराम भरी स्वयम कलेजको आधिकारीक व्यक्तिले लिएर आउनु पर्ने छ ।** रजिष्ट्रेसन फाराम रितपूर्वक नभरिएको पाइएमा वा तोकिएको मिति भन्दा पछाडि प्राप्त भएमा वा माइग्रेशन लगायत तोकिएका का डकुमेन्टहरु पुरा नभएको पाइएमा विश्वविद्यालय रजिष्ट्रेशन गर्न बाध्य हुने छैन। साथै रजिष्ट्रेशन फारम पठाउँदा paying र scholarship मा अध्यायन गर्ने विद्यार्थी खुलाएर पठाउनु पर्नेछ। रजिष्ट्रेसन फाराम पोखरा विश्वविद्यालयको वेभ साईट https://pu.edu.np/examination/exam-related-forms/ बाट प्रिन्ट गर्न सकिने छ । साथै रजिष्ट्रेशन फारम साथ प्रथम सेमेष्टरमा अध्यायनरत विद्यार्थीहरुको **दर्ता शुल्क** (Registration Fee), **वार्षिक विद्यार्थी सम्बन्धन शुल्क** (Student Affiliation Fee), **शैक्षिक विकास कार्यक्रम कार्यन्वयन शुल्क** (Academic Development Program Implementation Fee), आ.ब २०७८।७९ को प्रति वर्ष बुझाउनु पर्ने **कार्यक्रम अनुसन्धान शुल्क** (Program Research Fee) र **कलेज परिक्षण शुल्क** (College Inspection Fee) को विवरण पत्र सहित एक प्रति स्कयान कपि र अर्को प्रति सक्कल भौचर छुट्टै खाममा राखी परीक्षा नियन्त्रण कार्यालयको आर्थिक प्रशासन शाखामा पठाउनु हुन सूचित गरिन्छ।

रजिष्ट्रेसन फाराम रितपूर्वक भरि पठाउदा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्ने आवश्यक कागजात र ध्यान दिनुपर्ने कुराहरु यसै पत्र साथ संलग्न छन ।

डा. तुलसीराम भण्डारी

परीक्षा नियन्त्रक


पो.ब.नं. ४२७, पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोनः ०६१-५०४१४६/५०४०८६, ५०४०८७

इमेलः puexam@pu.edu.np, Website: www.pu.edu.np

पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
कास्की, नेपाल

चलानी नं.

**खण्ड - क**

**आवश्यक कागजातहरु:**

१) एस.एल.सी.वा सो सरह पास गरेको लब्धाङ्कपत्र र सर्टिफिकेटको प्रतिलिपि ।

२) +२ वा सो सरह पास गरेको लब्धाङ्कपत्र र सर्टिफिकेटको फोटोकपी साथै (सक्कल माइग्रेसन स्नातक तहको लागी मात्र अनिवार्य हुनुपर्ने।

३) स्नातक तह पास गरेको लब्धाङ्कपत्र र सर्टिफिकेटको प्रतिलिपि (स्नातकोत्तर तहमा भर्ना हुने विद्यार्थीहरुको लागि मात्र) र स्नातक तहको सक्कल माइग्रेसन अनिवार्य हुनुपर्ने ।

४) विदेशी शैक्षिक संस्था वा विदशी शैक्षिक संस्थासंग सम्बन्धन प्राप्त कलेजहरुमा अध्ययन गरी आएका विद्यार्थीहरुको समकक्षता निर्धारण (Equivalence) प्रमाण पत्र अनिवार्य रुपमा हुनुपर्नेछ ।

५) नागरिकता वा राहदानी (Passport) को प्रतिलिपि ।

६) सम्पूर्ण कागजातहरुको प्रतिलिपिहरुलाई सम्बन्धित कलेजको प्रिन्सिपलले प्रमाणित गरी कलेजको छाप लगाउनु पर्नेछ।

**खण्ड - ख**

**ध्यानदिनुपर्ने कुराहरु:**

१) विद्यार्थीहरुलाई रजिष्ट्रेसन फाराम भराउनु भन्दा अगाडी खण्ड- क मा उल्लेख भए बमोजिमको आवश्यक सवै कागजात छ/छैन रुजु गर्ने।

२) विद्यार्थीहरुलाई रजिष्ट्रेसन फाराम भराउदा विश्वविद्यालयको भर्ना मापदण्ड अनुरुप हुनुपर्नेछ ।

३) विद्यार्थीहरुलाई भराइएको रजिष्ट्रेसन फाराममा सम्बन्धित शैक्षिक संस्थाको छाप र प्रमुखको हस्ताक्षर अनिवार्य रुपमा हुनुपर्नेछ।

४) विद्यार्थीहरुले भरेको रजिष्ट्रेसन फाराम पठाउदा कार्यक्रम अनुसार विद्यार्थीहरुको नामको Alphabet अनुसार Ascending Order मा मिलाएर पठाउनुपर्नेछ।

५) विद्यार्थीहरुले भरेको रजिष्ट्रेसन फारामको आवश्यक Information हरुलाई कम्प्यूटरमा Microsoft Excel मा Entry गरेपछि त्यसको एक प्रति Print सहित बाँकी आवश्यक Information हरुलाई Hard Cover भएको CD/USB मा राखि पठाउनुपर्नेछ।

६) विद्यार्थीहरुले भरेको रजिष्ट्रेसन फारामको कार्यक्रम अनुसार प्रत्येक विद्यार्थीहरुको गत ६ महिना भित्र खिचिएको (फाराममा टाँसेको र सिडिमा राखेको फोटो एउटै हुनुपर्ने) र background सेतो भएको फोटो scan गरी JPG File मा विद्यार्थीहरुको Full Name बाट Individual save गरी र scan गरेको Passport size फोटोहरुको छुट्टै Folder बनाई CD/USB मा पठाउनुपर्ने ।

७) रजिष्ट्रेसन फाराम भर्दा विद्यार्थीहरुको नाम थर एउटै हुन गएमा कम्प्यूटरमा Entry गर्दा A र B, र scan गरेको फोटोहरुको Full Name मा समेत A र B गरी संकेत दिनुपर्ने ।

८) रितपूर्वक भरिएका रजिष्ट्रेसन फाराम, कम्प्यूटरमा Entry भएको एक प्रति Print सहित बाँकी आवश्यक Information सहितको Hard Cover भएको CD/USB लाई विश्वविद्यालयमा पठाइने कुनै पनि डकुमेन्टहरुमा समावेश नगरी छट्टै बलियो खाममा खामबन्दी गरी पोखरा विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेसन शाखामा आधिकारीक व्यक्ति स्वयमले ल्याएर वुझाउन पर्ने छ।

९) पो.वि बाट Migration ननिकालेको विद्यार्थीले परीक्षा नियन्त्रण कार्यालयको सम्बन्धित शाखाको शाखा प्रमुखवाट प्रमाणित पत्र ।

पो.ब.नं. ४२७, पोखरा लेखनाथ-३०, कास्की, नेपाल, फोनः ०६१-५०४१४६/५०४०८६, ५०४०८७
इमेल: puexam@pu.edu.np, Website: www.pu.edu.np